अधिवेशन संख्या:२० औ
आ. व.: २०८२/०८३
बैठक: गाउँ सभा बैठक
अध्यक्षता: गाउँपालिका अध्यक्ष पित बहादुर महतराक्षेत्री

बैठक नं.: ०१
मिति: २०८३/०३/०८
स्थान: झि. गा. पा. सभाहल
समय: दिनको ११:०० बजे

झिमरुक गाउँपालिका गाउँ सभाको २० औं अधिवेशनको पहिलो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु सहित सम्पन्न गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | ठेगाना | गाउँसभा |
|---|---|---|---|---|---|
| १ | | श्री पित बहादुर महतरा क्षेत्री | गा.पा.अध्यक्ष | झि.गा.पा.-३ | अध्यक्ष |
| २ | | श्री प्रमोद पोखेल | गा.पा.उपाध्यक्ष | झि.गा.पा.-३ | सदस्य |
| ३ | | श्री ध्रुव राज खनाल | वडा अध्यक्ष | झि.गा.पा.-१ | सदस्य |
| ४ | | श्री यमुना घर्तीमगर | महिला वडा सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ५ | | श्री गिता सुनार | द.म.वडा सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ६ | | श्री प्रतिमान पुन मगर | वडा सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ७ | | श्री शंकर पोखेल | वडा सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ८ | | श्री कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-२ | सदस्य |
| ९ | | श्री गिता महतरा | महिला वडा सदस्य | झि.गा.पा.-२ | सदस्य |
| १० | | श्री जोती सार्की | द.म वडा सदस्य | झि.गा.पा.-२ | सदस्य |
| ११ | | श्री वेगम पोखेल | वडा सदस्य | झि.गा.पा.-२ | सदस्य |
| १२ | | श्री शेर वहादुर खड्का क्षेत्री | वडा सदस्य | झि.गा.पा.-२ | सदस्य |
| १३ | | श्री मिन वहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा.-३ | सदस्य |
| १४ | | श्री कल्पना थापा एम.सी. | म.वडा सदस्य | झि.गा.पा.-३ | सदस्य |
| १५ | | श्री जवुना वि.क. | द.म. वडा सदस्य | झि.गा.पा.-३ | सदस्य |
| १६ | | श्री टेक वहादुर खत्री क्षेत्री | वडा सदस्य | झि.गा.पा.-३ | सदस्य |
| १७ | | श्री रण वहादुर खड्का | वडा सदस्य | झि.गा.पा.-३ | सदस्य |
| १८ | | श्री सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-४ | सदस्य |

पित बहादुर महतरा क्षेत्री
(अध्यक्ष)

झिमरुक गाउँपालिका
गाउँ सभाको सचिवालय
प्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | | श्री तुलसा के.सी. | म.वडा सदस्य | झि.गा.पा.-४ | सदस्य |
| २० | | श्री पार्वता वि.क. | द.म. वडा सदस्य | झि.गा.पा.-४ | सदस्य |
| २१ | | श्री इन्द्र वहादुर पुन मगर | वडा सदस्य | झि.गा.पा.-४ | सदस्य |
| २२ | | श्री दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा.-५ | सदस्य |
| २३ | | श्री मधु खड्का | म.वडा सदस्य | झि.गा.पा.-५ | सदस्य |
| २४ | | श्री सरिता वि.क. | द.म.वडा सदस्य | झि.गा.पा.-५ | सदस्य |
| २५ | | श्री भुमि वहादुर विश्वकर्मा | वडा सदस्य | झि.गा.पा.-५ | सदस्य |
| २६ | | श्री बोधी राम पोखेल | वडा सदस्य | झि.गा.पा.-५ | सदस्य |
| २७ | | श्री धन वहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा.-६ | सदस्य |
| २८ | | श्री खिम कुमारी श्रेष्ठ | म.वडा सदस्य | झि.गा.पा.-६ | सदस्य |
| २९ | | श्री राधिका वि.क. | द.म.वडा सदस्य | झि.गा.पा.-६ | सदस्य |
| ३० | | श्री मित्रु गिरी | वडा सदस्य | झि.गा.पा.-६ | सदस्य |
| ३१ | | श्री हेम राज भट्टराई | वडा सदस्य | झि.गा.पा.-६ | सदस्य |
| ३२ | | श्री कृष्ण वहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा.-७ | सदस्य |
| ३३ | | श्री राधा पछाइ | म.वडा सदस्य | झि.गा.पा.-७ | सदस्य |
| ३४ | | श्री पुतला सुनार | द.म.वडा सदस्य | झि.गा.पा.-७ | सदस्य |
| ३५ | | श्री तुल वहादुर पछाइ क्षेत्री | वडा सदस्य | झि.गा.पा.-७ | सदस्य |
| ३६ | | श्री तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा.-८ | सदस्य |
| ३७ | | श्री शिवा गिरी | म.वडा सदस्य | झि.गा.पा.-८ | सदस्य |
| ३८ | | श्री संगिता परियार | द.म.वडा सदस्य | झि.गा.पा.-८ | सदस्य |
| ३९ | | श्री देवेन्द्र वहादुर जि.सी. | वडा सदस्य | झि.गा.पा.-८ | सदस्य |
| ४० | | श्री गुमान सिंङ बस्नेत | वडा सदस्य | झि.गा.पा.-८ | सदस्य |
| ४१ | | श्री हरी सुनार | अल्पसंख्यक सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ४२ | | श्री चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा.-१ | सदस्य |
| ४३ | | श्री अमरराज सेजुवाल | प्रमुख प्र.अधिकृत | झि.गा.पा. | सचिव |

पित बहादुर मझतरा क्षेत्री
(अध्यक्ष)

झिमरुक गाउँपालिका
गाउँ सभाको सचिवालय
भ्यारुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## कार्यसूचीहरु

**२०८३/३/८ गतेको झिमरुक गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको पहिलो बैठकका कार्यसूचीहरु**

| क.स. | मिति | बैठक वस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम |
|---|---|---|---|---|
| १ | २०८३/३/८ गते सोमवार | दिनको ११:०० बजे | अध्यक्षले गाउँ सभाको २० औं अधिवेशन आह्वन गरेको पत्रको बेहोरा सभामा बाचन गरेर जानकारी गराउने | सभा अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्री |
| २ | | | शुभकामना मन्तव्य | सभाका सदस्य रण बहादुर खड्का<br>सभाका सदस्य शंकर पोखेल<br>सभाका सदस्य पुतला सुनार |
| ३ | | | आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम पेश/छलफल/पारित | सभाका अध्यक्ष पित बहादुर महतरा क्षेत्री |
| ४ | | | स्थानीय बन विधेयक,२०८३<br>सुशासन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३<br>विधायन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३ पेस | सभाका सदस्य सिताराम पोखेल |
| ५ | | | आ.व. २०८३/८४ को दररेट सम्वन्धमा । | सभाका सदस्य संगिता परियार |
| ६ | | | गाउँ कार्यपालिका बैठकका निर्णयहरु गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा भए गरेका निर्णयहरु अनुमोदन र समर्थन सम्वन्धमा । | सभाका सदस्य कल्पना थापा एम.सी. |
| ७ | | | न्यायीक समितिको प्रतिवेदन पारित सम्वन्धमा । | सभाका सदस्य दधिराम पोखेल |
| ८ | | | संघ संस्थाका कार्यक्रम समावेश सम्वन्धमा । | सभाका सदस्य तुलसा के.सी. |
| ९ | | | बेरुजु फछ्यौट सम्बन्धमा । | सभाका सदस्य पार्वता वि.क. |

**निर्णयहरु**

**कार्य सूची नं.१.**
गाउँ सभाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूले गाउँसभाको २० औं अधिवेशन आह्वन गर्नु भएको पत्रको बेहोरा बाचन गरेर सुनाई सभाको बैठक प्रारम्भ गर्नु भयो ।

**कार्य सूची नं.२.**
गाउँ सभाका सदस्यहरु श्री रण बहादुर खड्का, शंकर पोखेल र पुतला सुनारले २० औं गाउँ सभाको सफलताको शुभकामना सहितको मन्तव्य सभाको बैठक समक्ष प्रस्तुत भयो ।

**कार्य सूची नं.३**
गाउँ सभाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम माथि छलफल गरी सर्वसम्मत रुपले पारित गरियो ।

पित बहादुर महतरा क्षेत्री
(अध्यक्ष)

CamScanner

झिमरुक गाउँपालिका
गाउँ सभाको सचिवालय
ब्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**कार्य सूची नं.४**

गाउँ सभाका सदस्य एवं बन बातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री सिताराम पोखेलले पेस गर्नु भएको झिमरुक गाउँपालिकाको देहाय बमोजिमका विधेयक र कार्यविधिका मस्यौदाहरु दफाबार छलफलको लागि विधायन समितिमा पठाईयोस् भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**देहाय**

१.स्थानीय बन विधेयक,२०८३ प्रारम्भिक मस्यौदा
२.विधायन समिति(गठनतथा सञ्चालन) कार्यविधि,२०८३ को प्रारम्भिक मस्यौंदा
३.सुशासन समिति(गठन तथा सञ्चालन( कार्यविधि,२०८३ को प्रारम्भिक मस्यौदा

**कार्य सूची नं.५**

गाउँ सभाका सदस्य श्री संगिता परियारले पेस गर्नु भएको आ.व.२०८३/८४ को लागि बस्तु, सेवा तथा निर्माणको दररेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट नै झिमरुक गाउँपालिकाको आधिकारीक दररेटको रुपमा मान्यता दिने प्रस्ताव बहुमतले पारित गरियो ।

**कार्य सूची नं.६**

गाउँ सभा सदस्य श्री कल्पना थापा एम.सी.ले पेस गर्नु भएको झिमरुक गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु र गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका निर्णयहरु समर्थन तथा अनुमोदन भन्ने प्रस्ताव माथि छलफल गरी आ.व. २०८२/८३ को मिति २०८२/१०/२७ गते बसेको ९ औं बैठकदेखि मिति २०८३/३/६ गतेसम्म बसेको १४ औं बैठकसम्म झिमरुक गाउँ कार्यपालिकाले गरेका निर्णयहरु र विभिन्न मितिमा गाउँ कार्यपालिकाको कार्यालयवाट भए गरेका निर्णयहरु समर्थन तथा अनुमोदन सम्वन्धी प्रस्ताव सर्वसम्मत रुपमा अनुमोदन तथा समर्थन गरियो ।

**कार्य सूची नं.७**

गाउँ सभाका सदस्य एवं न्यायिक समितिका सदस्य श्री दधिराम पोखेलले पेस गुर्न भएको झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को साउनदेखि असार ६ गतेसम्मको तपसिल वमोजिमको न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

**न्यायिक समितिको प्रतिवेदन**

**२०८३**

**पृष्ठभूमी**

नेपालको संविधानको धारा २१७ अनुसार न्यायिक समितिको गठन गर्ने व्यवस्था भए वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार झिमरुक गाउँपालिकाको न्यायिक समितिको गठन भएको वेहोरा स्मरण गराउन चाहान्छु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ (१) वमोजिमका विवादहरु न्यायिक समितिले नै निरुपण गर्नै र दफा ४७ (२) वमोजिमका विवादहरु मेलमिलापको माध्यमवाट मात्र निरुपण गर्ने अधिकार न्यायिक समितिलाई रहेको छ ।

झिमरुक गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७६ (दोश्रो संशोधन सहित) को अधिनमा रही न्यायिक समितिमा पेस भएका विवादहरु समाधानको लागि आवश्यक साछी प्रमाण बुझि मेलमिलाप र निर्णय सिफारिसको माध्यमबाट न्याय निरुपण गर्ने कार्य

पित बहादुर महतरा क्षेत्री
(अध्यक्ष)

CamScanner

झिमरुक गाउँपालिका
गाउँ सभाको सचिवालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

हुदै आएको वेहोरा जानकारी गराउन चाहन्छौ । झिमरुक गाउपालिकाको दोस्रो कार्यकालको लागि स्थानीय सरकार गठन भएको ४ बर्ष अवधि पुरा भएको छ यस अवधिमा न्यायिक समितिवाट अधिकांश विवादहरु मेलमिलापको माध्यमवाट किनारा लगाइएको छ ।

आ.व. २०८२/८३ मा भएका क्रियाकलाप

- झिमरुक गाउँपालिकामा २६ जना मेलमिलापकर्ताहरु सूचीकृत भएका छन ।
- यस अवधिमा झिमरुक गारउँपालिकामा रहेका ६ वटा सामुदायिक माध्यामिक विद्यालयमा अध्यायनरत विद्यार्थी र शिक्षकहरु गरी करीब ८५० जनालाइ कानूनी शिक्षा सम्बन्धी जनचेतना प्रदान गरिएको छ ।
- झिमरुक गाउँपालिकाका वडा अध्यक्ष, वडा सचिव र मेलमिलाप कर्ताहरुलाई न्याय निरुपण तथा कानूनी शिक्षा प्रदान गरीएको छ ।
- प्युठान जिल्लाका सबै स्थानीय तह सम्मिलित घुम्ती वैठकहरुमा सहभागिता रहेको छ ।
- यस अवधिमा न्यायिक समितिका २३ वटा वैठकहरु सम्पन्न भएका छन। हालसम्म न्यायिक समितिका सबै वैठकहरु सर्वसम्मत भएका छन ।
- यस अवधिमा न्यायिक समितिमा गत आ.व.बाट जिम्मेवारी सरी आएका र यस आ.व.मा दर्ता भएका उजुरी/निवेदन मध्ये ऐनको दफा ४७ (१) वमोजिका ३ वटा र ४७ (२) वमोजिमका ३५ वटा गरी जम्मा ३८ वटा उजुरी /निवेदन रहेकोमा ३१ वटा उजुरी निवेदन माथि सुनुवाइ भई १५ वटा मेलमिलाप, ९ वटा निर्णय सिफारिस र ७ वटा तामेलीमा राखि किनारा लगाइएको छ भने ७ वटा विवादहरु प्रक्रियामा रहेका छन।

२०८२ श्रावण देखि २०८३ असार ६ गतेसम्म यस न्यायिक समितिमा दर्ता भएका र फछ्र्योट भएका विवादहरुको विस्तृत विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिल

उजुरी दर्ता तथा फछ्यौटको विवरण

| क्र.सं. | उजुरीका प्रकार | दावी ऐन | अल्या | यस आ.व.मा दर्ता भएका उजुरी / निवेदन | जम्मा उजुरी संख्या | जम्मा उजुरी फछ्यौट संख्या | प्रक्रियामा रहेका |
|---|---|---|---|---|---|---|---|
| १ | ज्याला मजदुरी नदिएको | ४७(१) | १ | १ | २ | १ | १ |
| २ | मानाचामल | ४७(१) | १ | ० | १ | १ | ० |
| ३ | घरेलु हिंसा | ४७(२) | २ | १ | ३ | २ | १ |
| ४ | लेनदेन | ४७(२) | ९ | १५ | २४ | २० | ४ |
| ५ | साँध सीमाना | ४७(२) | १ | २ | ३ | २ | १ |
| ६ | गाली वेइज्जती | ४७(२) | २ | १ | ३ | ३ | ० |
| ७ | सम्बन्ध विच्छेद | ४७(२) | ० | २ | २ | २ | ० |
| | जम्मा | | १६ | २२ | ३८ | ३१ | ७ |

पित बहादुर सहरारा क्षेत्री
(अध्यक्ष)

यस अवधिमा उजुरी निवेदनको किनारा लगाउने क्रममा झिमरुक गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु तथा अन्य जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगाएत अन्य कर्मचारी मित्रहरु ,मेलमिलापकर्ताहरु, वडा सचिवहरु, राजनीतिक दल अन्य न्यायिक तथा अर्ध न्यायिक निकायहरु,नेपाल प्रहरी विभिन्न सञ्चार कर्मी तथा सञ्चार माध्यमहरु लगायत विभिन्न सरोकारवालाहरुबाट प्राप्त सहयोग प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछौ यो प्रतिवेदन झिमरुक गाउँपालिका मार्फत गाउँ सभामा स्वीकृतीको लागि पेस गरिएको वेहोरा अनुरोध छ ।

**कार्य सूची नं.८**

गाउँ सभाका सदस्य श्री तुलसा के.सी.ले पेस गुर्न भएको आ.व. २०८३/८४ मा कार्यान्वयन हुने तपसिल वमोजिमका संघ/संस्था तथा दातृ निकायहरुका प्रस्तावित वार्षिक वजेट योजना/आयोजना तथा कार्यक्रम माथि छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाम | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|
| १ | आईपास नेपाल (Ipas Nepal) | विपद् व्यवस्थापन बैठक, स्वास्थ्य सेवा प्रदायकहरुका लागि सुरक्षित र सामाजिक भेदभाव न्यूनिकरण (VACR) सम्वन्धी समिक्षा र पुर्नताजगी, महिला स्वास्थ्य सेवा प्रदायकहरुलाई LARC सम्वन्धी तालिम मार्फत क्षमता अभिवृद्धि कार्यक्रम, सामुदायिक सत्रहरु, सामुदायिक स्वास्थ्य स्कोरबोर्ड समिक्षा, सरोकारबालहरुसँग समिक्षा तथा पुनर्ताजगिकरण कार्यक्रम र सामाजिक परिचालन | ४,८५,३००। |
| २ | जि.आई.जेट. (GIZ) | जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय GIZ को द्विपक्षीय सहयोगमा सामाजिक स्वास्थ्य सुरक्षा, स्वास्थ्य क्षेत्र सुशासन तथा व्यवस्थापन, डिजिटल स्वास्थ्य, स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी संस्थागत क्षमता विकास परियोजना सञ्चालनका लागि | ५३,३०,५४६। |
| ३ | नेपाल स्वास्थ्यका लागि पानी (नेवा) | काउले गडेरपानी झिमरुक -२, दारिमचौर झिमरुक-३ र चुधाराफेदी टारी झिमरुक-४ मा सञ्चालन हुने खानेपानी तथा सरसफाई आयोजना (नेपाल स्वास्थ्यका लागि पानी नेवा) | ४४,००,३७१।२३ |
| ४ | सहकर्मी समाज | समावेशी र जवाफदेशी स्वास्थ्य सेवाका लागि समुदायहरुलाई सशक्त बनाउने (पहुँच) कार्यक्रम | २५,११,७९०। |
| ५ | कपिलबस्तु ईन्टिग्रेटेड डेभलपमेन्ट सर्भिसेज-प्रोजेक्ट (KIDS) | मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य पोषण सम्बन्धी कार्यक्रम Maternal,Newborn and Child Health (MNCH) Nutrition | ४,८३,४५०। |

पित बहादुर महतरा क्षेत्री
(अध्यक्ष)

झिमरुक गाउँपालिका
गाउँ सभाको सचिवालय
ज्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**कार्य सूची नं.९**

गाउँ सभाका सदस्य श्री पार्वता वि.क.ले पेस गुर्न भएको आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म झिमरुक गाउँपालिकाको महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण हुँदा औल्याएका बेरुजु नियमित तथा फछ्यौंटको लागि दफावार छलफल गरी प्रतिवेदन पेस गर्न सार्वजनिक लेखा समितिमा पठाउने सम्बन्धी प्रस्ताव माथि छलफल गरी सर्वसम्मत रुपमा पारित गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १९ को उपदफा ८ वमोजिम प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष
२०८३/०३/१०

पित बहादुर महतरा क्षेत्री
(अध्यक्ष)